९औं
बार्षिक
साधारण सभा

बार्षिक प्रतिवेदन

आ.व. २०७५/०७६

EST
IDEOLOGY
SAVING & CREDIT CO-OPERATIVE LIMITED

दर्ता नं.: २८७५/०६६/६७

जेष्ट आइडियोलोजी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

ZEST IDEOLOGY SAVING & CREDIT CO-OPERATIVE LTD.

प्रधान कार्यालय:
महालक्ष्मी कम्प्लेक्स, खिचापोखरी, न्यूरोड
फोन नं: ०१-४२६४६६४, ४२२५५७३, ४२५३६६३

सदस्य सेवा केन्द्र:
मैतीदेवी, काठमाडौं, फोन नं: ०१-४४१६४०१, ४४१७७२९
सनसिटी चोक, काडाँघारी, काठमाडौं, फोन नं: ०१-५९०१९७४, ५९०१९७५

Email: zest_ideology@hotmail.com | www.zestideologycoop.com.np

सञ्चालक समितिका पदाधिकारीहरु



राम प्रसाद आचार्य
अध्यक्ष



कृष्ण प्रसाद थपलिया
उपाध्यक्ष



हेम बहादुर कार्की
सचिव/प्रमुख कार्यकारी सञ्चालक



पुरुषोत्तम हुमागाईं
कोषाध्यक्ष



जयराम सिग्देल
सञ्चालक



अनिता पन्त
सञ्चालक



बाबुराम आचार्य
सञ्चालक

लेखा समितिका पदाधिकारीहरु



मोहन बहादुर बुढाथोकी
संयोजक



रामकुमार पण्डित
सदस्य



दुर्गा भण्डारी
सदस्य

सल्लाहकारहरु




गोपाल प्रसाद आचार्य
सल्लाहकार




शम्भु प्रसाद निरौला
कानूनी सल्लाहकार

संस्था सञ्चालनको पछिल्लो ५ वर्षे वित्तिय सूचकहरुको प्रगति विवरण


शेयर पूँजी




कोष हिसाब




निक्षेप हिसाब




कर्जा जोखिम कोष




बाह्य ऋण तथा सापटी




लगानी हिसाब



कर्जा लगानी



कुल सम्पत्ती



Regd. No: 2875/066/67
HEAD OFFICE:
Mahalaxmi Complex, Khichapokhari, New Road, Kathmandu
Tel.: 01-4264664, 4225573, 4253663
SERVICE CENTRE:
Maitidevi, Kathmandu Tel: 01-4416401, 4417729
Suncity Chowk, Kadaghari, KTM. Tel: 01-5901974, 5901975

जेष्ट आइडियोलोजी
बचत तथा ऋण सहकारी संस्था लिमिटेड
ZEST IDEOLOGY SAVING & CREDIT CO-OPERATIVE LTD.

प.सं. २०७६/०७७
च.नं. ००५६

मिति:.....२०७६/०५/१० गते.....

शेयरधनी श्री..... ज्यू,
..... ।

विषय :- **दशौं साधारण सभामा उपस्थित हुने बारे ।**

उपरोक्त सम्बन्धमा यस जेष्ट आईडियोलोजी बचत तथा ऋण सहकारी संस्था लि.को मिति २०७६/०४/३० गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार संस्थाको दशौं वार्षिक साधारण सभामा निम्न प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्नका लागि निम्न मिति, स्थान र समयमा सभा हुने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको गरिमामय अनिवार्य उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

छलफलका एजेण्डाहरू:

१) सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यू तथा प्रमुख कार्यकारी सञ्चालकको आ.व. २०७५/०७६ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा,
२) आ.व. २०७५/०७६ को आय-व्यय विवरण सहितको लेखा परिक्षण प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा,
३) आ.व. २०७५/०७६ को लागि लेखा समितिको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा,
४) आ.व. २०७६/०७७ को लागि लेखा परिक्षकको नियुक्ति र नीजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा,
५) आ.व. २०७५/०७६ मा सञ्चालक समितिले गरेका निर्णयहरु उपर छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा,
६) सञ्चालक, लेखा समितिको बैठक भत्ता र प्रमुख कार्यकारी सञ्चालकको तलब सुविधा सम्बन्धमा,
७) सञ्चालक समितिले सिफारिस गरे बमोजिम लाभांस वितरण सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धमा,
८) उपयुक्त सहकारी संस्थाहरू विच एकीकरण गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा,
९) संशोधीत उप-विनियमहरु छलफल गरि अनुमोदन गर्ने सम्बन्धमा,
१०) संस्थाको नाममा रहेको जग्गा बिक्री गरी अर्को जग्गा वा भवन खरिद गर्ने सम्बन्धमा,
११) संस्थाको कार्यक्षेत्र विस्तार गर्ने सम्बन्धमा,
१२) साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गरी प्रमाणित गर्नका लागि प्रतिनिधि चयन गर्ने सम्बन्धमा,
१३) विविध सम्बन्धमा ।

कार्यक्रम:

मिति : २०७६ भाद्र २७ गते (Sept. 13, 2019) शुक्रवार
स्थान : कार्की ब्यान्केट, बबरमहल, काठमाडौं
समय : विहान ११:४५ बजे
(नोट: कार्यक्रम निर्धारित समयमै शुरु हुने)

.....
हेम बहादुर कार्की
सचिव

नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल

योगेश भट्टराई
मन्त्री

पत्र संख्या:
च.नं.:

शुभकामना

जेष्ट आइडियोलोजी बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो १०औं वार्षिक साधारण सभाको अवसरमा संस्थाका विभिन्न गतिविधिहरु समेटी वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ ।

नेपालको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणमा योगदान पुऱ्याउँदै आएको सहकारी क्षेत्र आर्थिक विकासको एक महत्वपूर्ण साझेदारको रुपमा रहेको छ । सदस्यहरुको सार्थक सहभागिता एवं सक्षम व्यवस्थापन सहकारी क्षेत्रको सफलताका प्रमुख सूचक हुन् । जनताको आम्दानी, बचत, लगानी तथा उत्पादकत्व अभिवृद्धि गर्नेतर्फ यसका कृयाकलापहरु केन्द्रित हुन आवश्यक छ ।

जेष्ट आइडियोलोजी बचत तथा ऋण सहकारी संस्था लिमिटेडले सदस्यहरुको आर्थिक एवं सामाजिक सक्षमता अभिवृद्धिमार्फत गरेको योगदान सहानीय छ । यस सहकारी संस्थाले विगतमा हासिल गरेका उपलब्धिहरूलाई संस्थागत गर्दै आगामी दिनमा मुलुकको समग्र विकासमा अझ बढि योगदान गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दै यस प्रकाशनको पूर्ण सफलताको कामना गर्दछु ।

२४ भाद्र २०७६

(योगेश भट्टराई)
मन्त्री

फोन नं.: +९७७-१-४२११८७९ (कार्यालय), फ्याक्स : +९७७-१-४२११७५८, इमेल:info@tourism.gov.np वेबसाईट: www.tourism.gov.np

National Co-operative Federation of Nepal Ltd.
Pulchok, Lalitpur, Nepal
G.P.O. Box: 11859, Kathmandu

राष्ट्रिय सहकारी महासंघ लि. नेपाल
पुल्चोक, ललितपुर, नेपाल
पो.ब.नं. ११८५५, काठमाडौं

Tel: 977-1-5010116, 5010033
Fax: 977-1-5010075
E-mail: ncf@wlink.com.np
ncfcoop@gmail.com
Website: www.ncfnepal.com.np

शुभकामना

मुलुकले आर्थिक समृद्धि, सामाजिक न्याय तथा गरीवी न्यूनीकरणका लागि सरकारी, सहकारी र निजी क्षेत्र सहितको तीन खम्वे अर्थनीतिलाई प्राथमिकतामा राखेकाले सहकारी क्षेत्रको महत्व थप उजागर भएको व्यहोरा विदितै छ । देश संघिय संरचनामा गईसकेको सन्दर्भमा संघ,प्रदेश र स्थानिय सरकार समेतमा सहकारी चासोको विषय रहेको हुदा यस क्षेत्रलाई थप प्रभाबकारी बनाई समाजवाद उन्मुख अर्थतन्त्र निर्माणको दिशामा अभिमुख गर्न सहकारी ऐन २०७४ लागु भई सकेको परिप्रेक्ष्यमा प्रदेश र स्थानिय सरकारले समेत सहकारी मैत्री ऐन तर्जुमा गरी सहकारी क्षेत्रको भूमिका र योगदानलाई अझ वृद्धि गर्नु अपरिहार्य रहेकोले सरोकारवाला निकायहरु वीच समन्वयकारी भूमिका निर्वाह गर्न हुन आव्हान गर्दछु ।

संयुक्त राष्ट्र संघले सन २०३० सम्मको लागि दिगो विकास लक्ष्यहरु तय गरे अनुसार ऐक्यवद्धता जनाउदै नेपालको सहकारी अभियानले पनि"दिगो विकाश लक्ष्य प्राप्तीका लागि सहकारी"भन्ने थिमका साथ साझेदारीमूलक कार्यक्रमहरु तर्जुमा गर्दै आएकोले सम्पूर्ण सहकारी संघ संस्थाहरुलाई सदस्य केन्द्रित व्यवसायिक गतिबिधि गरी परिणाममूखी कार्यक्रमहरु गर्नुपर्ने कुरा स्मरण गराउन चाहन्छु ।

जेष्ट आइडियोलोजी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, न्यूरोड काठमाडौको १० औं बार्षिक साधारण सभाको सन्दर्भमा संस्थाको गतिविधिहरु समावेश गरेर वार्षिक प्रतिवेदन प्रकाशन गर्न लागेको जानकारी पाउदा खुशी लागेको छ । यस अवसरमा संस्थाका पदाधिकारी,कर्मचारी तथा आबद्ध सदस्यहरूमा राष्ट्रिय सहकारी महासंघ लि.नेपालको तर्फबाट हार्दिक वधाई ज्ञापन गर्न चाहान्छु । साथै प्रकासन गर्न लागिएको प्रतिवेदनले त्यस सहकारी संस्थाका वारेमा थप जानकारी प्राप्त हुने विश्वास लिएको छु ।

अन्त्यमा,सहकारी सिद्धान्तको पूर्ण पालना र सुशासन कायम गर्दै सदस्यमुखी कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्न विगतका अनुभवहरुले दिशानिर्देश गर्ने अपेक्षाका साथ संस्थाको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।
धन्यवाद ।

मितिः २०७६ भाद्र २२ गते

(केशब प्रसाद बडाल)
अध्यक्ष

स.वि.द.नं.: ३२९-०५०/०५१
स्थायी लेखा नं.: ३०३४०३०५४

नेफ्स्कून

आवद्धता

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.



श्री अध्यक्षज्यू
जेष्ट आइडियोलोजी साकोस
न्यूरोड, काठमाडौं

शुभकामना

यस संघमा आवद्ध **जेष्ट आइडियोलोजी वचत तथा ऋण सहकारी संस्था लि**. को यहि मिति २०७६ भाद्र २७ गते हुन गइरहेको दशौं बार्षिक साधारण सभाको अवसरमा प्रकाशित **वार्षिक प्रतिवेदनमा** संघको तर्फबाट शुभकामना प्रदान गर्न पाउँदा हामी अत्यन्त हर्षित भएका छौं ।

यस दशौं वार्षिक साधारण सभाले संस्थालाई सहकारी मूल्य मान्यता र सिद्धान्तको परिधिभित्र रही नीति, विधि र प्रविधिको उच्चतम प्रयोग गरी सदस्य र समुदायमा केन्द्रीत भई सञ्चालन गर्न मार्गदर्शन प्रदान गरोस साथै संघको तर्फबाट साधारण सभा पूर्ण सफलताको शुभकामना सहित त्यस संस्थाका सम्पूर्ण सञ्चालक तथा शेयर सदस्यहरुलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

साकोसहरु विशुद्ध रुपमा सदस्यहरुबिच वित्तीय कारोबार गर्ने संस्थाहरु भएकाले वित्त परिचालनमा निहित जोखिमको संवेदनशीलतालाई आत्मबोध गर्दै वित्तीय सुशासन सहित गुणस्तरियता कायम गर्दै दिगो साकोस निर्माणमा प्रतिवद्धताका साथ अगाडि बढ्न आग्रह गर्दछौं ।

हामी साकोस अभियानको जागरण, विकास व्यवसायिकीकरण, गुणस्तर सुनिश्चितता र सञ्जाल व्यवस्थापनका कार्यमा योजनाबद्ध रुपमा लागि परेका छौं । यसका लागि अन्तर्राष्ट्रिय सम्बन्धलाई विस्तार गर्दै एशियाली ऋण महासंघ (ACCU) विश्व ऋण परिषद (WOCCU) को सदस्यता समेत लिई अन्तर्राष्ट्रिय सफल अभ्यासहरुलाई नेपालको साकोस अभियानमा प्रयोग गर्न प्रयासरत छौं । "नेपालमा सञ्जालिकृत र दिगो साकोस" भन्ने नेफ्स्कूनको परिकल्पना पूरा गर्न आ-आफ्नो क्षेत्रबाट सहयोगको अपेक्षा गर्दै स्थानीय स्तरबाट संभव भएसम्म साकोस निर्माणमा पहल गर्न गराउनुहुन समेत अनुरोध गर्दै संस्थाको उत्तरोत्तर प्रगतिको लागि पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मितिः २०७६/०५/२२

डी.बी. बस्नेत
अध्यक्ष

नयाँबानेश्वर, काठमाडौं, नेपाल
पो.व.नं.: ९१६९, फोनः +९७७-१-४७८१९६३, ४७८०२०१,
४७८३०७१, ४७८४५६९, Email: nefscun@nefscun.org.np
www.nefscun.org.np

"सहकारी संघ/संस्थाहरुको प्रवर्द्धन विकास एवं बैंकिङ्ग कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक" द.नं. ०१/०५४/६०. (सहकारी बैंक)

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)

(नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोबार गर्न स्वीकृति प्राप्त संस्था)

हार्दिक शुभकामना



प्रस्तुत विषयमा महालक्ष्मी कम्प्लेक्स, खिचापोखरी, न्युरोड काठमाडौं स्थित जेष्ट आइडियोलोजी बचत तथा ऋण सहकारी सँस्था लिमिटेडले **संस्थाको १० औँ वार्षिक साधारण सभाको अवसरमा** संस्थाले स्थापना देखि हालसम्म संचालन गरेको कार्यक्रमहरु तथा विविध गतिविधीलाई समेटेर **"वार्षिक प्रतिवेदन "** प्रकाशन गर्न लागेको थाहा पाउँदा अत्यन्त खुशी लागेको छ।

यस सहकारी संस्थाले सहकारी क्षेत्रमा पुऱ्याएको योगदानको कदर तथा प्रशंसा गर्दै नेपाल जस्तो न्यून आर्थिक वृद्धि, वेरोजगारी, आर्थिक विकासमा क्षेत्रीय असमानता, व्याप्त गरिबी र विप्रेषणमुखी अर्थतन्त्रलाई सुधार गर्नको लागि सदस्यहरुको बिमा व्यवस्था,युवा स्वरोजगार कार्यक्रम,भविष्य साहारा कार्यक्रममा सहभागिता र व्यवस्थापनमा संचालन हुने सहकारी पद्धति मार्फत आम समुदायलाई संगठित गराई देशको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणमा पुऱ्याएको योगदानको कदर गर्दछु।

साथै गरीबि न्यूनिकरण, लैंगिक समानता र सामाजिक सद्भाव कायम गरी देशको समग्र आर्थिक विकास गर्न, रोजगारी सिर्जना गर्न, आयात प्रतिस्थापन तथा निर्यात वृद्धि गर्न, छरिएर रहेका स-साना पूँजिहरुलाई एकिकृत गरी सदस्यहरुकै संयुक्त सहभागितामा परिचालन गरी सहकारीको अर्न्तराष्ट्रिय सिद्धान्त अनुरुपको गतिविधि संचालन गरी सहकारी अभियानमा अग्रणी स्थान हासिल गर्न सफल र सक्षम रहोस् भन्ने शुभकामना सहित यस सहकारी संस्थाको **"वार्षिक प्रतिवेदन "** प्रकाशनको पूर्ण सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मिती : २०७६/०५/२२

के.बी .उप्रेती
अध्यक्ष

दर्ता नं. ४५७ ०५६ फोन नं : ०१-४७८३१५१

जिल्ला सहकारी संघ लि., काठमाडौं
(District Co-operative Union Ltd., Kathmandu)

बिजुलीबजार, काठमाडौं, नेपाल

चलानी नं
पत्र संख्या नं ११/०७६/७७ मिति : २०/०५/२०७६

शुभकामना

यस संघको सदस्य संस्था श्री **जेष्ट आइडियोलोजी बचत तथा ऋण सहकारी संस्था लि.** ले आफ्नो १०औं बार्षिक साधारण सभाको अवसरमा संस्थाको विभिन्न गतिबिधि सम्बन्धि बार्षिक प्रगति प्रतिवेदन प्रकाशन गर्न लागेकोमा स-धन्यवाद सहित शुभकामना व्यक्त गर्दछु ।

सदस्यहरुको सहभागीता र व्यवस्थापनमा सञ्चालन हुने सहकारीहरुले नेपालको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् । त्यसैले नेपाल सरकारले सहकारीलाई सरकारी र निजी क्षेत्र सरह राष्ट्रिय अर्थतन्त्रमा सहभागीता गराउदै तीनखम्बे अर्थनीति स्वीकार गरेको छ ।

जेष्ट आइडियोलोजी बचत तथा ऋण सहकारी संस्था लि. मार्फत आफ्ना सदस्यहरुको आर्थिक बिकासमा गर्नुभएको काम सराहनिय छ । हाल सम्मका उपलब्धिहरुलाई संस्थागत गर्दै आगामी दिनहरुमा अझ सवल ढंगले अगाडी बढ्नका साथै संस्थाको प्रगति र समृद्धिको लागि पनि हार्दिक शुभकामना व्यक्त गर्दै संस्थाबाट प्रकाशित हुने यस प्रगति प्रतिवेदन सरोकारवाला सबैका लागि उपयोगी हुने अपेक्षाका साथ प्रकाशनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु ।

जय सहकारी !!!

अध्यक्ष
टेक प्रसाद चौलागाई

जेष्ट आइडियोलोजी बचत तथा ऋण सहकारी संस्था लि. को बार्षिक साधारण सभा र बार्षिकोत्सव सम्पन्न सम्बन्धी जानकारी

सभा/ बार्षिकोत्सव	मिति	स्थान	अतिथिहरु	
			प्रमुख अतिथि	विशेष अतिथि/अतिथि
प्रारम्भिक साधारण सभा	२०६७/२/१३	संस्थाको कार्यालय मैतिदेवी, काठमाडौं	श्री कृष्ण प्रसाद शर्मा डिभिजन सहकारी कार्यालय, काठमाडौं	लेखनाथ पगेनी डिभिजन सहकारी कार्यालय, काठमाडौं
प्रथम साधारण सभा	२०६७/९/१७	पार्क भिलेज बुढानिलकण्ठ, काठमाडौं	दाताराम खनाल उपाध्यक्ष समाज कल्याण परिषद्	
दोश्रो साधारण सभा	२०६८/५/२४	जेष्ट आइडियोलोजी प्रा. लि. हल मैतिदेवी, काठमाडौं	गोपाल प्रसाद आचार्य अध्यक्ष, काठमाडौं प्याब्सन	
तेश्रो साधारण सभा	२०६९/५/३०	जेष्ट हल गोगंबु, काठमाडौं	व्याकुल माइला (प्रदिप कु. राई) राष्ट्रिय गानका रचनाकार	
चौथो साधारण सभा	२०७०/६/२	अन्नपूर्ण पार्टि भेन्यू सेतोपुल, काठमाडौं		शर्मिला राज भण्डारी डिभिजन सहकारी कार्यालय
पाँचौं साधारण सभा	२०७१/५/२८	होटल हार्दिक बागबजार, काठमाडौं	केशव बढाल अध्यक्ष, राष्ट्रिय सहकारी संघ	भानुभक्त जोशी पूर्व वन मन्त्री
पाँचौं बार्षिकोत्सव	२०७१/१०/२५	बाल सारथी एकेडेमी जय बागेश्वरी, काठमाडौं कार्यक्रमः शैक्षिक सामग्री वितरण		
छैटौं साधारण सभा	२०७२/८/१९	होटल हार्दिक बागबजार, काठमाडौं	टोप बहादुर रायमाझी उप-प्रधान तथा उर्जा मन्त्री	ऋषिराज घिमिरे अध्यक्ष, नेफ्स्कून
छैटौं बार्षिकोत्सव	२०७२/१०/२५	राइजिङ्ग लोटस चिल्ड्रेन भिलेज कीर्तिपुर, काठमाडौं कार्यक्रमः शैक्षिक सामग्री वितरण		
सातौं साधारण सभा	२०७३/५/२५	होटल हार्दिक बागबजार, काठमाडौं	राधिका तामाङ कृषि राज्य मन्त्री	सरोज शर्मा सह-अध्यक्ष, राष्ट्रिय सहकारी बोर्ड
सातौं बार्षिकोत्सव	२०७३/१०/२५	संस्थाको कार्यालय मैतिदेवी, काठमाडौं कार्यक्रमः बृहत रक्तदान तथा नयाँ कार्यालयको समुद्घाटन	हृदयराम थानी सहकारी तथा गरिबी निवारण मन्त्री	परितोष पौडेल वरिष्ठ उपाध्यक्ष, नेफ्स्कून
आठौं साधारण सभा	२०७४/५/१७	होटल हार्दिक बागबजार, काठमाडौं	रामशरण महत पूर्व अर्थमन्त्री	सरोज शर्मा सह-अध्यक्ष राष्ट्रिय सहकारी बोर्ड
नवौं साधारण सभा	२०७४/५/०८	सेलिब्रेसन ब्यान्क्वेट कमलपोखरी, काठमाडौं	श्री पद्मा अर्याल भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री	दावा दोर्जे लामा भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री प्रदेश नं. ३

१० औं वार्षिक साधारण सभाको कार्यक्रम तालिका

मितिः ०७५/०५/२७, शुक्रवार
स्थानः कार्की ब्यान्क्वेट, बबरमहल, काठमाडौं

उद्घाटन सत्र:
१. कार्यक्रम शुभारम्भ मध्यान्ह १२:३० बजे
२. आसन ग्रहण
सभापतिः राम प्रसाद आचार्य-संस्थाका अध्यक्ष
प्रमुख अतिथिः श्री योगेश भट्टराई, मा. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री
विशिष्ट अतिथि : वाङ्मय शताब्दी पुरुष, संस्कृतीविद् सत्यमोहन जोशी
विशेष अतिथिहरु : ओमदेवी मल्ल - उपाध्यक्ष, राष्ट्रिय सहकारी महासंघ नेपाल
दिपक प्रकाश बास्कोटा - संस्थापक अध्यक्ष, राष्ट्रिय सहकारी महासंघ नेपाल
शुभशंकर कडेंल - अध्यक्ष, नेपाल मिडिया सोसाइटी
परितोष पौड्याल - वरिष्ठ उपाध्यक्ष, नेफ्स्कून्
सरिता भट्टराई - सञ्चालक, राष्ट्रिय सहकारी बैंक

३. ब्याच वितरण
४. मौन धारण १ मिनेट
५. स्वागत मन्तव्य - कृष्ण प्रसाद थपलिया, संस्थाको उपाध्यक्ष
६. उद्घाटन, प्रमुख अतिथिज्यूबाट
७. राष्ट्रिय गान
८. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन प्रस्तुत
९. सम्मान कार्यक्रमः पत्रकारिता, सहकारीता र संस्कृतीविद्
१०. कर्मचारीलाई पुरस्कार तथा सम्मान कार्यक्रम
११. विशेष अतिथि, सल्लाहकार तथा अतिथिहरूको मन्तव्य
१२. प्रमुख अतिथिज्यूबाट मन्तव्य

दोश्रो सत्र:
१३. लेखा समितिको प्रतिवेदन
१४. प्रमुख कार्यकारी संचालकको प्रतिवेदन
१५. प्रस्तावहरु उपर छलफल र उठेका प्रश्नहरूमाथि जवाफसहित पारित गर्ने
१६. अध्यक्षज्यूबाट सभाको समापन घोषणा

जेष्ट आईडियोलोजी बचत तथा ऋण सहकारी संस्था लि. को १० औं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट संस्थाका अध्यक्षज्यू द्वारा प्रस्तुत प्रतिवेदन

जेष्ट आइडियोलोजी वचत तथा ऋण सहकारी संस्था लि.को १० औं वार्षिक साधारण सभामा आमन्त्रित प्रमुख अतिथि प्रमुख माननीय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री योगेश भट्टराई ज्यू, विशिष्ट अतिथिज्यू, विशेष अतिथिज्यूहरू, अतिथिज्यूहरू, सल्लाहकारज्यूहरू संचालक समितिका पदाधिकारीज्यूहरू लेखा समितिका पदाधिकारीज्यूहरू, लेखा परीक्षकज्यू, शेयर सदस्यज्यूहरू सञ्चारकर्मी महानुभावज्यूहरु, संस्थाका कर्मचारी साथीहरू यस गरीमामय सभामा उपस्थित तपाई सबैलाई विशेष धन्यवादसहित न्यानो सहकारी अभिवादन व्यक्त गर्दछु ।

विश्वमा हरेक देशको विकास र समृद्धिमा सहकारी क्षेत्रको निकै गहिरो सम्बन्ध रहेको छ । विकास भएका श्रीलंका, इजरायल र जापान जस्ता देशहरुका उदाहरणबाट ठूलो शिक्षा लिन सकिन्छ । सहकारीको संस्थागत इतिहासलाई हेर्दा आज यसको इतिहास १६५ वर्ष पुरानो रहेका छ भने आधुनिक इतिहास ९३ वर्ष रहेको छ । नेपालको सहकारीको आधुनिक इतिहास भने ६२ वर्ष रहेको छ । विश्वमा ३० लाख सहकारीहरु संचालनमा छन् भने तिनमा २५ करोड मानिसहरूले रोजगारी पाएका छन् । यसरी नै तथ्याङ्क अनुसार विश्वका ती सहकारीमा १ अर्ब मानिसहरू सदस्य रहेका पाइन्छ । संसारमा कूल रोजगारीको १०% सहकारी क्षेत्रले योगदान गरेको छ । नेपालमा ३४ हजार ४ सय सहकारीमा ६७ लाख शेयर सदस्य संलग्न छन् भने ५६ हजार मानिसहरूले रोजगारी पाएका छन् । त्यसै गरी हाम्रो सहकारी संस्थाको इतिहास १ दशक पुगको छ । संस्थाले ६० जना भन्दा बढी मानिसहरुलाई रोजगारी दिलाएको छ । यसै गरी देशको राजस्व बृद्धिमा सेमत योगदान पुऱ्याउन सकिएको छ । यी सहकारी क्षेत्रले प्राप्त गरेका अत्यन्त महत्वपूर्ण उपलब्धीहरू हुन् ।

हामी एक्काइसौँ शताब्दीको युगमा छौँ । संसारका धेरै देशहरूले शिक्षाका क्षेत्रमा, यातायातका क्षेत्रमा, सडक सञ्जालका क्षेत्रमा, उद्योग उद्यमशीलताका क्षेत्रमा, रोजगारीका क्षेत्रमा, विज्ञान र वैज्ञानिकीकरणका क्षेत्रमा, कृषिका क्षेत्रमा धेरै उपलब्धि हासिल गरेका छन् । त्यहाँका नागरिकहरूले उच्चस्तरको जीवनयापन व्यतित गरिरहेको पाइन्छ । नेपालमा आम नेपालीहरूको जीवनस्तर कमजोर अवस्थामा बितिरहेको तथ्याङ्कले देखाउँदछ । यस्तो अवस्थालाई परिवर्तन गरी नेपाली भूमिमा जनतालाई गर्विलो जीवनयापन गराउनु राज्यको महत्वपूर्ण दायित्य हो । यसका लागि राज्यले अगाडि सारेका तीन खम्बे अर्थ नीति अन्तर्गत सहकारी, निजी र सरकारी तीनवटै क्षेत्रसँगै हातेमालो गर्दै अगाडि बढ्नु आजको आवश्यकता हो ।

आदरणीय शेयर सदस्य महानुभावहरू,

हाम्रो संस्थाको प्रधान कार्यालय न्यूरोड महालक्ष्मी कम्प्लेक्समा र सेवा कार्यालय मैतीदेवीमा रहेको छ । गत वर्षको नवौं वार्षिक साधारण सभाबाट स्वीकृत योजना अनुरूप अर्को सदस्य सेवा कार्यालय काठमाडौं जिल्ला स्थित कागेश्वरी मनोहरा न.पा. वडा नं. ९, सनसिटि चोक, काडाँघारीमा सञ्चालनमा आएको छ । यसको विधिवत् उद्घाटन हुन बाँकी रहेको हुँदा उक्त समारोहमा यहाँहरूको गरिमामय उपस्थिति रहने विश्वास मैले लिएको छु ।

हाम्रो संस्थाले बार्षिक रुपमा महत्वपूर्ण सामाजिक तथा शैक्षिक कार्यहरू गर्दै आइरहेको छ । संस्थाले जेष्ठ शेयर सदस्य महानुभावहरूलाई सम्मान, एच.आइ.भि. संक्रमित बालबालिकाहरूलाई न्यानो लत्ता कपडा तथा स्टेशनरी सामाग्री वितरण, महिलाहरूले अध्ययन गर्ने विद्यालयलाई कम्प्युटर वितरण, असहाय बालबालिकाहरूलाई खाद्यन्न वितरण धार्मिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूलाई आर्थिक सहयोग, बागमती सरसफाई अभियानमा सरिक जस्ता महत्वपूर्ण कार्यहरू गर्दै आइरहेको छ । अघिल्लो आर्थिक वर्षमा डोल्पा कारागारमा कैदीबन्दी जीवन भोगिरहेका मानिसहरूलाई अध्ययन सामग्री (पुस्तक)हरू उपलब्ध गराइएको छ । यसै गरी गौतबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणका लागि सानो भएपनि आर्थिक सहयोग प्रदान गरिएको छ ।

आदरणीय शेयरधनी महानुभावहरू,

आज हामी देशको राजधानीको यो महत्वपूर्ण ठाउँमा संस्थाको १० औं वार्षिक साधारण सभा मनाइरहेका छौँ । साधारण सभा संस्थाको जीवनमा सबैभन्दा महत्व राख्ने कार्यक्रम भएको हुँदा यसले खेल्ने भूमिका निकै नै महत्वपूर्ण हुन्छ । हाम्रो संस्था

सहकारी सिद्धान्त, सहकारी ऐन २०७४ र सम्पत्ति शुद्धिकरण निर्देशिका २०७४ ले दिएका क्षेत्राधिकार भित्र रहेर आफ्नो सशक्त भूमिका निर्वाह गर्दै आइरहेको कुरा यसै गरिमामय सभामा स-गर्व राख्न चाहन्छु । शेयर सदस्य महानुभावहरूको आर्थिक, सामाजिक र साँस्कृतिक विकासका लागि यो सहकारी गठन भएको हुँदा यस संस्थाले लिएको बाटो, हासिल गरेको लक्ष्य, चुनौती र समस्याका बारेमा खुलेर सहभागिता जनाउनु हुनेछ भन्ने अपेक्षा लिएको छु ।

आदरणीय शेयर सदस्य महानुभावहरू,

संस्थाको आ.व. २०७५/०७६ आषाढ मसान्त सम्ममा चुक्ता शेयर पूँजी रु. ८ करोड ४४ लाख २५ हजार २ सय रुपैंया, कूल निक्षेप रु. ९५ करोड ७६ लाख ४१ हजार ३ सय ८७ रुपैंया, ऋण लगानी रु. १ अर्व १८ करोड ९५ लाख १५ हजार ५ सय ५ रुपैंया र कूल कारोबार रकम रु. १ अर्व ३८ करोड ७१ लाख १७ हजार ९ सय ७९ रुपैंया रहेको छ । समय समयमा आर्थिक क्षेत्रमा देखापर्ने चुनौती र समस्याहरूका बावजुद संस्थाले राम्रो नाफा आर्जन गर्न समेत सफल भएको छ । यो हामी सबैका लागि खुसीको कुरा हो । संस्थाले शेयर सदस्य महानुभावहरूलाई Infinity Software मार्फत सर्वसुलभ रूपमा आधुनिक सेवा दिइरहेको छ । संस्थाको वासलतलाई PEARLS Monitoring System को पूँजी अनुपात अनुसार थप गुणस्तरीय बनाउन र संस्थाको जनशक्तिलाई सक्षम बनाउन तालिमको व्यवस्था गर्ने, सहकारीमा महिला सशक्तीकरणलाई बलियो बनाउने, पर्यटन बर्ष हाम्रो देशको गौरवको बर्ष भएको हुँदा यसले लिएको लक्ष्यलाई पूरा गर्न पर्यटन जागरण अभियान चलाउँदै लगानीलाई त्यस तर्फ उन्मुख गराउने, कृषि र प्रविधिका क्षेत्रमा लगानी वृद्धि गर्ने, संस्थाको नाममा रहेको जग्गा बिक्री गरी उपयुक्त ठाउँमा संस्थाको लागि जग्गा वा भवन खरिद गर्ने र समाजिक क्रियाकलापमा थप वृद्धि गर्ने जस्ता चालू आर्थिक बर्षका मुख्य लक्ष्यहरू यस सम्मानित सभा समक्ष पेस गर्न चाहन्छु ।

आदरणीय शेयर सदस्य महानुभावहरू,

हाम्रो संस्थाले १० औं वार्षिक साधारण सभासम्म आइपुग्दा मेरो नेतृत्वमा गठित सञ्चालक समितिका पदाधिकारीहरूको ठुलो मेहनत रहेको छ । यसरी नै लेखा समितिका पदाधिकारीहरूको सहयोग, सल्लाहकारज्यूहरूको सल्लाह, विभिन्न उप-समितिका पदाधिकारीहरूको सहयोग उत्तिकै रुपमा रहेको छ । संस्थामा निरन्तर खटिरहने कर्मचारी साथीहरूको अथक मेहनत, स्वयम् शेयरधनी महानुभावहरूको पूर्ण विश्वास र सहयोग यसै गरी वित्तिय रुपमा सहयोग पुऱ्याउने राष्ट्रिय सहकारी बैंक, नेफ्स्कून, कास्कून लागयत सबै क्षेत्रको भरपूर सहयोगले नै यो संस्था आज गर्व गर्न लायक भएको छ । यस्तै सहयोग निरन्तर रूपमा रहिरहने अपेक्षा समेत संस्थाले लिएको छ ।

अन्त्यमा, संस्थाको यो महत्वपूर्ण सभामा उपस्थित भई गरिमा बढाइदिनु भएकोमा आदरणीय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरू र अतिथिज्यूहरु प्रति आभार व्यक्त गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु । यसै गरी शेयर सदस्य महानुभावहरू प्रति कृतज्ञ हुँदै धन्यवाद दिन चाहन्छु । अध्यक्षलाई निरन्तर रूपमा साथ दिनुहुने सञ्चालक समिति, लेखा समिति र सल्लाहकार समितिका पदाधिकारीहरू सहित उपसमितिका सबै पदाधिकारीहरू, कर्मचारी साथीहरू लगायत सबै उपस्थित महानुभावहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । सञ्चालक समितिको तर्फबाट पेस भएको अध्यक्षको प्रतिवेदन तथा अन्य प्रतिवेदनहरू छलफल भइ सर्वसम्मतिले पारित हुने पूर्ण विश्वास लिदैं प्रतिवदेन बाचनको मन्तव्यलाई अन्त्य गर्दै विदा चाहन्छु । धन्यवाद ! जय सहकारी !!

अध्यक्ष
राम प्रसाद आचार्य

जेष्ट आइडियोलोजी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १० औं बार्षिक साधारण सभामा लेखा संयोजकद्वारा प्रस्तुत प्रगति प्रतिवेदन वार्षिक प्रतिवेदन आ.व. २०७५/०७६

जेष्ट आईडियोलोजी बचत तथा ऋण सहकारी संस्था लि.को १० औं वार्षिक साधारण सभा कार्यक्रमका सभापति एवं संस्थाको अध्यक्ष श्री राम प्रसाद आचार्य ज्यू, प्रमुख अतिथि माननीय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री योगेश भट्टराई ज्यू, विशिष्ट अतिथिज्यू, विशेष अतिथिज्यूहरु, अतिथीज्यूहरू, सल्लाहकारज्यूहरु, सञ्चालक समितिका पदाधिकारीहरु, लेखा समितिका सदस्यहरू, लेखा परीक्षकज्यू, आन्तरिक लेखा परीक्षकज्यू, यस संस्थाका शेयर सदस्य महानुभावहरू, पत्रकार मित्रहरू, संस्थाका कर्मचारी साथीहरू, यस गरिमामय सभामा उपस्थित सम्पूर्ण महानुभावहरूमा हार्दिक स्वागत तथा सहकारी अभिवादन टक्र् याउन चाहन्छु ।

आदरणीय शेयर सदस्यज्यूहरु,

यस संस्थाले आर्थिक, सामाजिक, वातावरणीय र साँस्कृतिक उद्देश्य पुरा गर्नका लागि शेयर सदस्यहरुलाई संलग्न गराई यो स्थान सम्म आईपुगेको अवगत नै छ । सहकारीको वर्तमान अवस्थालाई अध्ययन गर्दा विभिन्न परिवर्तनहरु समय सापेक्ष रुपमा आएका छन् जसलाई आत्मसाथ गर्दै हाम्रो संस्था पनि अघि बढिरहेको छ । सहकारी आफैंमा स्वनियमनको संस्था भएतापनि सन्तुलित राख्दै दिगो विकास गर्नका लागि सम्बन्धित पक्षहरुको भुमिकालाई शसक्त बनाउनु पर्ने आवश्यकता बढ्दै गएको छ । संस्थाको आर्थिक पारदर्शिता, लेखा व्यवस्थापनको योजना अनुरुप लेखा समितीले सन्तुलित संस्था विकास लागि यस आर्थिक बर्ष सक्रियतापूर्वक भुमिका खेलेको यहाँहरु समक्ष जानकारी गराउन चाहन्छु ।

यस संस्थाको १० औं बार्षिक साधारण सभामा लेखा परिक्षण प्रतिवेदनले लेखा समितिका विषयबस्तुहरुलाई स्पष्ट पारिएको भएता पनि लेखा समितिको तर्फबाट थप महत्वपूर्ण विषयवस्तुलाई मेरो प्रतिवेदनमा समावेश गरेको छु । लेखा समितिको प्रतिवेदन सहकारी नियमावलीको निश्चित ढाँचामा प्रस्तुत गर्नुपर्ने व्यवस्थालाई मध्येनजर गर्दै सहकारी नियमावलीसँग सम्बन्धित रहि लेखा समितिको प्रतिवेदन यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु ।

१) जेष्ट आईडियोलोजी बचत तथा ऋण सहकारी संस्था लि.को केन्द्रिय कार्यालय-न्युरोड, सेवा केन्द्र-मैतिदेवी, काठमाण्डौ को २०७६ अषाढ मसान्तसम्मको कारोवारको विवरणहरु:

१. चुक्ता शेयर पुँजी : ८ करोड ४४ लाख २५ हजार २ सय रुपैंया मात्र
२. निक्षेप : ९५ करोड ७६ लाख ४१ हजार ३ सय ८७ रुपैंया मात्र
३. जगेडा तथा अन्य कोष : ५ करोड ११ लाख ९७ हजार १ सय १२ रुपैँया मात्र
४. कर्जा जोखिम कोष : ५ करोड १६ लाख १६ हजार ८ सय ९२ रुपैँया मात्र
५. कर्जा लगानी : १ अर्व १८ करोड ९५ लाख १५ हजार ५ सय ५ रुपैंया मात्र
६. यस बर्षको नाफा (कर अघिको) : २ करोड ८६ लाख ११ हजार ३ सय ८ रुपैंया मात्र
७. स्थिर सम्पती : ३ करोड ११ लाख ११ हजार ५ सय ८७ रुपैँया मात्र
८. नगद तथा बैक मौज्दात : ११ करोड ७१ लाख ५१ हजार ७ सय ९३ रुपैँया मात्र
९. लगानी हिसाव: २ करोड १९ लाख ६६ हजार ४ सय रुपैँया मात्र
१०. कुल कारोबार: १ अर्व ३८ करोड ७१ लाख १७ हजार ९ सय ७९ रुपैंया मात्र
११. आयकर व्यवस्था : २८ लाख ६१ हजार १ सय ३१ रुपैँया मात्र

२) अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्था

संस्थाको सर्वोपरि हितलाई मध्ये नजर गर्दै समयको माग अनुसार नयाँ गतिमा संस्थालाई गतिशिल बनाउन गरिएको निर्णयहरु कार्यान्वयन गर्नु असल संस्थाको परिचय हो । त्यसैले अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको गर्दै लगिएको छ ।

३) आ.व. २०७५/०७६ मा बसेको बैठक संख्या निर्णयहरु र निर्णयहरुको कार्यान्वयनको अवस्था :
आ.व. २०७५/०७७ मा संचालक समिती बैठक १८ पटक बसेको देखिएको छ, साथै बैठकको निर्णयहरु कार्यान्वयन गरेका पाईन्छ ।

४) ऋण लगानीको प्रक्रिया, ऋण बापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :
संस्थाको बचत तथा ऋण निती २०६९ अनुसार शेयर सदस्यहरुको व्यवसाय दर्ता, दुई जनाको व्यक्तिगत जमानी, संस्थासँग शेयर सदस्यहरुले गरेको कारोवार, शेयर राखी सामूहिक जमानी कर्जा र धितोमा धितो मुल्याङ्कनकर्ताद्वारा मुल्याङ्कन गरि सम्बन्धित निकायमा धितो दृष्टिबन्धक रोक्का गरि कर्जा लगानी गरेको पाईन्छ ।

५) सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धी संक्षिप्त विवरण :
संस्थाले सहकारी विभागको जारी मापदण्ड क्रमिक रुपमा पालना गर्दै आफ्नो कारोबार गर्दै आफ्नो शेयर सदस्यहरुलाई सेवा दिदैं अघि बढाई रहेको छ । यसको कारण नै संस्था हालसम्म यो अवस्थामा आइपुगेको तथ्य जानकारी गराउन चाहन्छु ।

६) सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवदेन अनुसारका निर्देशन/सुझावहरु कार्यान्वय सम्बन्धी विवरणहरु :
सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवदेन अनुसारका निर्देशन/सुझावहरु कार्यान्वय क्रमिक कार्यन्वयन गर्दै लगेको पाईन्छ । कतिपय नितिगत सुझावलाई थप समय लिदैं लागू गर्दै संस्था अगाडी बढिरहेको छ ।

७) पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरण : छ
७.१ पारिश्रमिक : छैन ।
७.२ भत्ता: यस संस्थाको नवौं बार्षिक साधारण सभाले स्वीकृत गरे अनुसार सञ्चालक समितिको पदाधिकारीहरुले प्रति बैठक रु. ३ हजारका दरले बर्षमा बढीमा १३ वटा सम्मको बैठक भत्ता लिएका र लेखा समितिका पदाधिकारीहरुले प्रति बैठक रु. ३ हजारका दरले बर्षमा ४ पटक सम्मको बैठक भत्ता लिएका पाईन्छ ।
७.३ अन्य सुविधाहरु : छैन ।

८) कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरु :
८.१ साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए/नभएको : भएको
८.२ कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको/नल्याइएको : ल्याईएको छ ।
८.३ भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धी भएको/नभएको : पारदर्शी भएको
८.४ कार्यरत कर्मचारीहरु र कार्यबोझ बीच तादम्यता रहेको/नरहेको : रहेको
८.५ व्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धी विवरण : संस्थाको निर्धारित लक्ष्य हासिल गर्नको लागि व्यवस्थापन प्रमुखको महत्वपूर्ण भूमिका रहन्छ । जसका लागि योग्य, क्षमतावान, अनुभवी व्यवस्थापन प्रमुखको आवश्यकता पर्दछ । यस संस्थाको व्यवस्थापन प्रमुखको रुपमा सञ्चालक समितिको सचिव/प्रमुख कार्यकारी सञ्चालक श्री हेम बहादुर कार्की रहनु भएको छ । उहाँको शैक्षिक योग्यता शिक्षा शास्त्रमा स्नाकोत्तर तह र कानून शास्त्रमा स्नातक तह उर्त्तीण गरि अधिवक्ता समेत हुनुहुन्छ भने अनुभवलाई हेर्दा १० बर्ष निरन्तर सहकारी क्षेत्रको अनुभव रहेको छ ।

८.६ कर्मचारीहरुको भर्ना प्रक्रिया र संख्या:
८.६.१ इर्न्टन : छैन
८.६.२ अस्थायी : १७
८.६.३ स्थायी : ३५

९) लेखा समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्था:
सही सुझावको कार्यान्वयन विना संस्थाले गति लिन सक्दैन । सही सुझावलाई आत्मसाथ गर्दै कार्यान्वयन गर्नु नै संस्थाको सफलता भएकोले गत आ.ब.को सुझावलाई कार्यान्वयन गर्दै लगिएको पाईन्छ । केहि सुझावहरु लागु हुने चरणमा छन् ।

१०) लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरु:
लेखा समितीको समय-समयमा बसेको बैठक निर्णयहरु बमोजिम क्रमिक रुपमा कार्यान्वयन गरिएको र लेखा समितीले PEARLS प्रणालीबाट लेखा विश्लेषण र कर्जा प्रवाहको आधारमा कर्जा जोखिम कोषको व्यवस्था गरेकोले संस्थाको वित्तिय स्वस्थता हासिल गरेको छ ।

११) लेखा समितिको सुझावहरु:
११.१ शेयर सदस्यज्यूहरुले १ बर्षे अवधिका निक्षेप मात्र बचत गरिरहनु भएकोले २ बर्षे/३ बर्षे अवधिका निक्षेप संकलित गर्न आवश्यक देखिन्छ ।
११.२ कर्जा लगानीको अवधि हाल १ बर्षसम्मको मात्र भएकोले ३ बर्षसम्मको समायावधि बनाउनु पर्ने आवश्यक देखिन्छ ।
११.३ कर्जा समितिको काम कारवाहिलाई अझ प्रभावकारी बनाई संस्थाको लगानी भएको कर्जाको सही तवरवाट उठाउन पहल गर्नु पर्नेछ ।
११.४ सहकारी ऐन र निर्देशिका नयाँ आएकोले संस्थाको अझै बचत तथा ऋण निति समय समयमा सुधार गर्नु पर्ने देखिन्छ ।
११.५ आर्थिक प्रशासन विनियमवली समय अनुसार सुधार गर्दै लैजानु पर्ने देखिन्छ ।
११.६ संस्थाको जेगडा कोषलाई थप मजबुत गर्दै लैजानु पर्ने देखिन्छ ।
११.७ नयाँ ऐन र निर्देशिकालाई क्रमशः लागु गर्दै जानुपर्ने देखिन्छ ।

अन्तमा संस्थाको गरिमामय १० औं बार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण व्यक्तित्वहरुमा हार्दिक आभार प्रकट गर्दै विदा हुन चाहन्छु । धन्यवाद । जय सहकारी, जय जेष्ट आइडियोलोजी ।

.....	.....	.....
श्री दुर्गा भण्डारी	श्री राम कुमार पण्डित	श्री मोहन बहादुर बुढाथोकी
लेखा समिति सदस्य	लेखा समिति सदस्य	लेखा समिति संयोजक

जेष्ट आइडियोलोजी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १० औं बार्षिक साधारण सभामा प्रमूख कार्यकारी सञ्चालकद्वारा प्रस्तुत प्रगति प्रतिवेदन

जेष्ट आईडियोलोजी बचत तथा ऋण सहकारी संस्था लि.को दशौं वार्षिक साधारण सभा कार्यक्रमका सभापति एवं संस्थाको अध्यक्ष श्री राम प्रसाद आचार्य ज्यू, प्रमुख अतिथि माननीय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री योगेश भट्टराई ज्यू, विशिष्ट अतिथिज्यू, विशेष अतिथिज्यूहरु, अतिथीज्यूहरू, सल्लाहकारज्यूहरु, संचालक समितिका पदाधिकारीहरु, लेखा समितिका संयोजक एवम् सदस्यहरू, लेखा परीक्षकज्यू, आन्तरिक लेखा परीक्षकज्यू, यस संस्थाका शेयर सदस्य महानुभावहरू, पत्रकार मित्रहरू, संस्थाका कर्मचारी साथीहरू, यस गरिमामय सभामा उपस्थित सम्पूर्ण महानुभावहरूमा संस्थागत तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन टक्र्याउन चाहन्छु ।

आदरणीय शेयरधनी महानुभावहरु,

सहकारी विश्वमा आर्थिक, सामाजिक वातावरणीय र साँस्कृतिक परिवर्तनका लागि एक महत्वपुर्ण संवाहक बन्दै ९३ औं सहकारी दिवस दिवस मनाईसकेको छ । संयुक्त राष्ट्र संघले पनि सहकारीलाई दिगो विकासका लक्ष्य प्राप्तीका लागि एउटा महत्वपुर्ण साधनको रुपमा लिदैं आएको छ । आधारभुत देखि विलासिताको आवश्यकता पुरा गर्ने सकारात्मक परिवर्तनको संवाहक बनेको सहकारीको उपस्थीती समाजमा दरविलो हुदैं गएको छ ।

आदरणीय शेयरधनी महानुभावहरु,

नेपालले ६२ औं सहकारी दिवस मनाई आर्थिक बर्ष २०६८/०६९ देखि नेपाल सरकारले पनि बजेटमा तिनखम्बे अर्थ नीतिभित्र सहकारी अगाडि सारेको छ । नेपालको संविधान २०७४ ले सहकारीलाई आर्थिक, सामाजिक वातावरणीय र साँस्कृतिक रुपान्तरणको महत्वपुर्ण माध्यम सहकारी हो भनी किटान गरि सकेको अवस्थामा छौं। नेपालको संविधान अनुसार सहकारीलाई नियमन र प्रर्बद्धन गरी दिगो विकास गर्नका लागि प्रदेश र स्थानिय सरकारको नियमनकारी रुपमा छ । देशको नयाँ संरचना र व्यवस्था अनुरुप सहकारीको निती, विधी र प्रविधीबाट सहकारी संचालनको रुपरेखा कोरिदैं छ। सहकारीको प्रादेशिक संरचना र अवस्था हेर्दा नेपालका सहकारीहरुले अबका दिनमा ग्रामिण भेगमा उत्पादनमूखी र शहरी क्षेत्रमा वितरणमूखी सहकारी संचालनका अवधारणालाई थप मुर्तता दिन आवश्यक छ । सहकारी ऐन २०७४, नियमावली २०७५, सहकारीमा सम्पति शुद्धिकरण निवारण कार्यविधी २०७४, सन्दर्भ व्याजदर र बर्तमान सहकारीका विविध महत्वपुर्ण परिवर्तनहरुलाई आत्मसात् गर्दै सहकारीको अवको दिशा र सहकारीको अवसर, चुनौतीहरुको विचमा अवको निकासलाई मध्येनजर गर्नु पहिलो आवश्यकता बनेको छ। यसरी सहकारीको महत्व दिनानुदिन बढ्दै गएको छ। सहकारी क्षेत्रले देशको राष्ट्रिय कुल ग्राहस्थ्य उत्पादनमा योगदान पुऱ्याएको छ। त्यसमा हाम्रो सहकारीले पनि एउटा इँटा थपेको छ।

आदरणीय शेयरधनी महानुभावहरु

हाम्रो संस्था जेष्ट आईडियोलोजी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आज हामी दशौं वार्षिक साधारण सभा कार्की व्यान्केटमा मनाई रहेका छौं । संस्थाको दशौं साधारण सभा भएतापनि संचालनको पुर्ण अवधिको हिसाबले ९ वर्ष मात्र हो । संस्थाले दशौं वसन्त पार गर्दा विभिन्न उतारचढावहरुको सामना गर्दै अनुभव बटुल्न सफल भैसकेको छ । फलस्वरुप गुणस्तरीय सेवा प्रदान गरिरहेका छौं । हाम्रो संस्थाले सहकारी संचालनको मूल्य, मान्यता र सिद्धान्तलाई उच्चतम प्रयोग गर्दै पर्ल्स अनुगमण प्रणाली (PEARLS Monetaring System) का महत्वपूर्ण १९ सुचकांकहरु अवलम्बन गरेको छ । यसबाटै संस्थाको सम्पती र दायित्व, आम्दानी र खर्च चारैवटा खाताको तुलनात्मक विश्लेषण (Comparative Analysis) गरि नतिजाहरु समेत प्रकाशन गरेको छ । प्रचलित पल्स अनुगमण प्रणाली (PEARLS Monetaring System) का महत्वपूर्ण नतिजालाई याँहाहरु समक्ष पेश गर्न चाहन्छु ।

जेष्ट आडियोलोजी बचत तथा ऋण सहकारी संस्था लि.

पर्ल्स (PEARLS) अनुगमन पद्धति नतिजा २०७५।०७६

	सुचाङक	लक्ष्य	अनुपात	नतिजा
P= Protection (संरक्षण)				
P1	१२ महिना भन्दा बढि भाका नागेको ऋणको लागी जोखिम व्यवस्था	१००%	२९,२३६,९४१.१५ २९,२३६,९४१.१५	१००%
P2	१२ महिना भन्दा कम भाका नागेको ऋणको लागी जोखिम व्यवस्था	३५%	११,०९४,१४१.३० ३१,६९७,५४६.५६	३५%
	असल ऋणको लागी जोखिम व्यवस्था	१%	११,२८५,८१०.१८ १,१२८,५८१,०१७.५१	१%
E= Effective Financial Structure (प्रभावकारी वित्तीय संरचना)				
E1	जम्मा सम्पत्तीमा लगानीमा रहेको खुद ऋण	७०-८०%	१,१८९,५१५,५०५.२२ १,३८७,११७,९७९.२१	८६%
E5	जम्मा सम्पत्तीमा बचतको अनुपात	७०-८०%	९५७,६४१,३८७.९७ १,३८७,११७,९७९.२१	६९%
E6	जम्मा सम्पत्तीमा बाह्य ऋण तथा सापटीको अनुपात	५% भन्दा कम	१९३,०९१,६५९.६७ १,३८७,११७,९७९.२१	१४%
E7	जम्मा सम्पत्तीमा शेयर रकमको अनुपात	१०-२०%	८४,४२५,२००.०० १,३८७,११७,९७९.२१	६%
E8	जम्मा सम्पत्तीमा कुल संस्थागत पुंजीको अनुपात	कम्तिमा १०%	५१,१९७,११२.१८ १,३८७,११७,९७९.२१	४%
E9	जम्मा सम्पत्तीमा खुद संस्थागत पुंजीको अनुपात	E8 बराबर	५१,१९७,११२.१८ १,३८७,११७,९७९.२१	४%
A= Assets Quality (सम्पत्तिको गुणस्तर)				
A1	कुल ऋण लगानीमा भाका नागेको ऋणको अनुपात	५% भन्दा कम	२९,२३६,९४१.१५ १,१८९,५१५,५०५.२२	२%
A2	जम्मा सम्पत्तीमा नकमाउने सम्पत्तीको अनुपात	५% भन्दा कम	६५,०५८,१२५.९० १,३८७,११७,९७९.२१	५%
A3	आय आर्जन नगर्ने सम्पत्तीमा खुद लागत रहित पुंजीको अनुपात	२००%	८४,४२५,२००.०० ६५,०५८,१२५.९०	१३०%
R= Rate of Return (लगानीमा प्रतिफल)				
R9	औषत सम्पत्तीमा संचालन खर्चको अनुपात	५%	२३,५०२,९५६.२६ १,२०९,४३४,१७०.७४	२%
R12	औषत सम्पत्तीमा खुद आयको अनुपात	कम्तिमा १०% / E9 बराबर	२८,६११,३०७.५४ १,२०९,४३४,१७०.७४	२%
L= Liquidity (तरलता)				
L1	बचत रकममा तरल सम्पत्तीको अनुपात	न्युनतम १५%	१६६,४९०,८८६.८८ ९५७,६४१,३८७.९७	१७%
L2	बचत रकममा तरलताको अनुपात	१०-२०%	११७,१५१,७९३.०९ ९५७,६४१,३८७.९७	१२%
L3	कुल सम्पत्तीमा आर्जन नगर्ने तरल सम्पत्तीको अनुपात	१% भन्दा कम	२७,३७२,६९३.७९ १,३८७,११७,९७९.२१	२%
S= Sign of Growth (बृद्धि)				
S10	सदस्यता बृद्धिदर	१२% भन्दा बढि	२२२ १५५८	१४%
S11	कुल सम्पत्तीको बृद्धिदर	मुद्रास्फितीको दर भन्दा बढी	३५५,३६७,६१६.९४ १,०३१,७५०,३६२.२७	३४%

मुद्रास्फितीको दर ५.२० स्रोत NRB

प्रस्तुत आर्थिक बर्ष २०७५/०७६ को पल्स अनुगमण प्रणालीको नतिजालाई याँहाहरुले स्वमं अध्ययन गर्न सकिने गरि प्रस्तुत गरेको छु । संस्थाको वासलातमा एउटा पक्षको मात्रा उच्च र अर्को पक्षको न्यून मात्राले वासलातलाई सन्तुलित र गुणस्तरको बनाउन सक्दै न भन्ने पक्षलाई संचालक समितीले पनि राम्रोसंग बुझेको छ । अझ स्पष्ट रुपमा भन्नु पर्दा पल्स अनुगमण प्रणालीको मापदण्ड अनुसार वासलात निर्माण गर्दा संस्थामा वित्तिय स्वस्थता कायम हुन्छ। जसरी मानिस स्वस्थ हुन सन्तुलित आहार खानु पर्छ त्यसरी संस्थाको दिगो र सन्तुलित विकासका लागि पनि संस्थाको सम्पती र दायित्व, आम्दानी र खर्च चारैवटा खातामा पर्ल्स अनुगमण प्रणालीको मापदण्ड अनुसार वासलात निर्माण गर्नु पर्छ भन्ने तथ्यलाई यहाँहरु समक्ष पेश गरिसकेको छु ।

आदरणीय शेयरधनी सदस्यज्यूहरु,

संस्थाले ५ बर्षमा आफ्नो वासलात कस्तो बनाएको छ सो विवरण समेत यसै प्रतिवदेन पुस्तिकामा समावेश गरेको तथ्य यहाँहरु समक्ष जानकारी गराउन चाहन्छु । मुख्य तुलनात्मक विवरणले हाम्रो संस्थाले ५ वर्षमा गरेको आर्थिक विकासलाई छर्लङ्ग पारेको छ । अब भने संस्थाले आ.व. ०७४/०७५ कारोवारका सिहंवालोकन र आ.व. ०७५/०७६ मा हासिल गरेको महत्वपुर्ण आर्थिक उपलब्धीलाई तुलनात्मक रुपमा यस गरिमामय दशौं साधारण सभामा यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु ।

१. शेयर पूँजी सम्बन्धमा

शेयर पूँजी सहकारी संस्थाको मेरुदण्ड हो । हालको ऐनले व्यवस्थागरे अनुरुप प्राथमिक पूँजीको १५ प्रतिशत सम्म निक्षेप संकलन गर्न पाउने ऐनको प्रावधानलाई संस्थाले कार्यान्वयन गरेको छ । निक्षेप संकलनको आधारमा शेयर पूँजीको बृद्धिलाई सन्तुलित गर्नु व्यवस्थापनको सबलता हो । गत आ.ब मा संस्थाको शेयर पूँजी ६ करोड १० लाख ४० हजार ३ सय रुपैंया रहेको र यस आ.ब मा ७ करोड १० लाख शेयर पूँजी पुऱ्याउने लक्ष्य लिएकामा शेयर पूँजीमा ३८ प्रतिशतले बृद्धि गरि यस ८ करोड ४४ लाख २५ हजार २ सय रुपैयाँ पुऱ्याउन संस्था सक्षम भएको छ। संस्थाले चालु आ.ब मा ९ करोड ५० लाख शेयर पूँजी पुऱ्याउने लक्ष्यसमेत लिएको छ ।

२. संस्थाले संचालनमा ल्याएका खाताको सम्वन्धमा

आवश्यकताले नै नयाँ तथ्यको पत्ता लगाउँछ त्यसले आवश्यकतालाई नयाँ तथ्यको आमा भनिन्छ । संस्थाको कारोवार व्यवस्थित रुपमा अगाडि बढाउन र शेयरसदस्यको आवश्यकता परिपूर्ति लागि संस्थाले १९ प्रकारका दैनिक, साप्ताहिक, पाक्षिक, मासिक रुपमा बचत गर्न सकिने खाताहरु संचालनमा ल्याएको छ । यिनै खाताहरुमध्ये आफुलाई उपयुक्त हुने खाताबाट शेयर सदस्यहरुले व्यावसायिक कारोवार गरिरहनु भएको छ । बचत खाताको व्याजदरलाई संस्थाले समयसापेक्ष परिवर्तन गरिरहेको जानकारी गराउन चाहन्छु। आ.ब संस्थाले २०७५/०७६ मा २ बर्षे र ३ बर्षे अबधिका बचत खाताहरुलाई बृद्धि गर्ने संस्थाको लक्ष्य रहेको छ ।

३. निक्षेप संकलन सम्बन्धमा

निक्षेप संस्थाको मेरुदण्ड हो । संस्थाले हाल सम्म आफ्नो प्राथमिक पूँजीको आधारमा निक्षेप संकलन गरिरहेको अवगत गराउन चाहन्छु । गत आर्थिक वर्ष मा ७६ करोड ७२ लाख ४१ हजार ४ सय ३२ रुपैंया निक्षेप संकलन गरेको र निक्षेप संकलन थप ७ करोड बृद्धि गर्ने लक्ष्य संस्थाले लिएकोमा यस बर्ष २५ प्रतिशतले बृद्धि गरि रु. ९५ करोड ७६ लाख ४१ हजार ३ सय ८७ रुपैंया निक्षेप संकलन गर्न संस्था सफल भएको छ ।

४. कर्जा लगानी सम्बन्धमा:

कर्जा लगानी नगरि संस्थाले मूख्य रुपमा आम्दानी गर्न सक्दैन । संस्थाले शेयरसदस्यको कर्जा मागलाई पूरा गरेको छ । गत आर्थिक वर्षमा रु. ८६ करोड २९ लाख ३४ हजार ५सय ९५ रुपैंया कर्जा लगानी गरेकोमा यस बर्ष कर्जा लगानीलाई ३८ प्रतिशतले बृद्धि गरी १ अर्व १८ करोड ९५ हजार १५ हजार ५ सय ५ रुपैंया कर्जा लगानी गरेको छ ।

५. संस्थागत कर्जा सम्वन्धमा:

